# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार १७ गते २०३१ साल [संख्या १२


श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

#### नून नियन्त्रण आदेश, २०३१

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरको छः–

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः–(१) यो आदेशको नाम "नून नियन्त्रण आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो आदेशमा–

(क) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "नून" भन्नाले आयोडिन मिश्रित नून समेत सम्झनु पर्छ ।

(ग) "नूनको व्यापारी" भन्नाले नूनको डिलर, स्टकिस्ट र आयातकर्ता समेतलाई सम्झनु पर्छ ।

(घ) "स्थानीय अधिकारी" भन्नाले अञ्चलाधीश, सह-अञ्चलाधीश, सहायक अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी र उत्तरी सीमा प्रशासन क्षेत्रका प्रशासक सम्झनु पर्छ ।

३. नूनमा नियन्त्रण:– नूनको व्यापारिक उद्देश्यले गरिने खरीद, बिक्री, सञ्चय वा एक जिल्लाबाट अर्को जिल्लामा स्थानान्तरण गर्ने काममा यस आदेशको अन्य दफाहरूमा उल्लेख भएबमोजिम नियन्त्रण गरिएको छ ।

४. विवरण दिनु पर्ने:– (१) यो आदेश प्रारम्भ भएको सात दिनभित्र नूनको व्यापारीले आदेश जारी हुँदा आफूसंग रहेको नूनको स्टक र सो नून खरीद गर्दा तिरेको दरभाउ समेत खुलाई अञ्चलाधीशको कार्यालय भएको जिल्लामा सोही कार्यालयमा र सो कार्यालय नभएको जिल्लामा प्रमुख जिल्ला अधिकारीको कार्यालय वा उत्तरी सीमा प्रशासन क्षेत्रका प्रशासकको कार्यालयमा दिनु पर्छ ।

(२) यो आदेश प्रारम्भ भएपछि नूनको व्यापारीले नून खरीद गरेको, बिक्री गरेको र एक जिल्लाबाट अर्को जिल्लामा स्थानान्तरण गरेको विवरण प्रत्येक पन्ध्र-पन्ध्र दिनमा उप-दफा (१) मा उल्लिखित कार्यालयमा दिई रहनु पर्नेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुद्रा बेच्ने नून पसलेहरूले उप-दफा (१) र (२) बमोजिमको विवरण दिनु पर्ने छैन ।

५. बिक्री र स्थानान्तरणमा नियन्त्रण:– यो आदेश प्रारम्भ भएपछि नूनको व्यापारीले स्थानीय अधिकारीको लिखित आदेश बेगर आफ्नो स्टकबाट आफू खुशी नूनको बिक्री गर्न वा एक जिल्लाबाट अर्को जिल्लामा स्थानान्तरण गर्न हुँदैन ।

तर खुद्रा बेच्ने नून पसलेहरूले श्री ५ को सरकारले दरभाउ तोकी दिएकोमा सो दरभाउमा र दरभाउ नतोकिएकोमा आदेश प्रारम्भ हुँदा कायम रहेको दरभाउमा उपभोक्ताहरूलाई नून खुद्रा बिक्री गर्न बाधा पर्ने छैन ।

६. नूनको दरभाउमा नियन्त्रण:– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय समयमा नूनको खरीद बिक्री गर्ने दरभाउ तोकी दिन सक्नेछ ।

७. नूनको अभाव भएको क्षेत्रमा आपूर्ति गर्ने व्यवस्था:– (१) यस आदेशको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो सूचनामा [illegible] हुनेछ।

त्यस्तो बढी नून तोकी दिएको दरभाउमा खरीद गरी नूनको अभाव भएको तोकी दिएको अञ्चल वा जिल्लामा स्थानान्तरण गरी तोकी दिएको दरभाउमा बिक्री गर्न कुनै कम्पनी, फर्म, संस्था वा व्यक्तिलाई अधिकृत गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम अधिकृत गरिएको कम्पनी, फर्म, संस्था वा व्यक्तिलाई नूनको व्यापारीले नून बिक्री गर्नु पर्नेछ ।

८. अभिलेख (रेकर्ड) बहीखाता र स्टक जाँच्न सकिने:- (१) स्थानीय अधिकारीले कुनै नूनको व्यापारीले राखेको नूनको खरीद बिक्रीको वा स्टकको अभिलेख वा बहीखाता जाँच्न चाहेमा नूनको व्यापारीले त्यस्ता अभिलेख वा बहीखाता स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्थानीय अधिकारी वा निजले लिखित रूपमा अधिकृत गरिएको घटीमा खरदार वा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका कर्मचारीले नूनको स्टक जाँच्न चाहेमा नूनको व्यापारीले आफ्नो स्टक जँचाउन पर्नेछ ।

९. खानतलाशी गर्ने र जफत गर्ने अधिकार:- (१) दफा ४ बमोजिम विवरण न दिई वा विवरण दिए पनि झुट्टा विवरण दिई लुकाई छिपाई राखेको नून बरामद गर्न वा यो आदेशको उल्लङ्घन हुने गरी खरीद बिक्री गरेको वा स्थानान्तरण गर्न लागेको नून रोक्न वा बरामद गर्न स्थानीय अधिकारीले वा निजले लिखित रूपमा अधिकृत गरेको घटीमा खरदार वा प्रहरी सहायक निरीक्षकसम्मको दर्जाको कर्मचारीले नूनको व्यापारीको गोदाम, घर, मोटरगाडी आदिको खानतलाशी लिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम खानतलाशी लिंदा बरामद भएको नून स्थानीय अधिकारीले जफत गर्न सक्नेछ ।

१०. गिरफ्तार गर्ने अधिकार:- कुनै व्यक्तिले ऐन वा यो आदेश बर्खिलाप कसूर गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण छ भन्ने स्थानीय अधिकारीले ठहऱ्याएमा निजले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ ।

आज्ञाले-
पी.बी. बिष्ट
श्री ५ को सरकारको का.मु.सचिव

१५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

औद्योगिक व्यवसाय ऐन, २०३० को दफा ६ (१) को खण्ड (घ) (२) बमोजिम होटल व्यवसायको लागि आयात हुने मालसामानहरूमध्ये श्री ५ को सरकारले एक प्रतिशतको दरले माल भन्सार महसूल लिने र बिक्री कर छूट हुने निम्नबमोजिमका सामानहरू तोकेको छ।

१. किचेन इक्विप्मेण्ट्स्

२. क्रकरी एण्ड ग्लासवेर

३. कटलरी एण्ड टेबुलवेर्स

४. लिनेन्स

५. लिफ्ट्स्

६. एयर कण्डिसनिङ इक्विप्मेण्ट्स् सेन्ट्रल, विण्डो टाईप एण्ड प्याकेज

७. फर्निचर एण्ड फिक्स्चर

८. इन्टेरियर डेकोरेशन आईटेम्स

९. कार्पेट्स् एण्ड कर्टेन्स्

१०. वाटर ट्रिटमेण्ट प्लाण्टस्

११. ईलेक्ट्रिकल ईन्स्टलेशन एण्ड फिक्चर्स

१२. टेलिफोन इक्विप्मेण्ट

१३. च्यानलाइज्ड म्यूजिक इक्विप्मेण्ट

१४. स्यानेटरी फिटिंग्स्:– बाथटब्स, बास बेसिन्स, कमोडस्, बाटर मिक्स्चर, यूरिनल्स,सावर हेडस् इत्यादि

१५. लाउण्ड्री एण्ड ड्राईक्लिनिङ इक्विप्मेण्ट्स्

१६. हाउस किपिङ इक्विप्मेण्ट्स्, फ्लोर पोलिशिङ मेसिन्स, कार्पेट क्लिनर्स, भ्याकुम क्लिनर्स ट्रलिज, लिनेन ह्याम्पर्स इत्यादि

१७. एकाउण्टिङ एण्ड बिलिङ मेसिन्स

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. फिल्टरेशन् प्लाण्ट फर स्विमिङ पुल

१९. इलेक्ट्रिकल ट्रान्सफरमर्स एण्ड जेनरेटर्स

२०. इलेक्ट्रिकल मोटर्स, कम्प्रेसर्स एण्ड पम्पस्

२१. लक्स एण्ड बल्यायङ्क्स किज फर डोर्स ।

आज्ञाले–
पी.बी.बिष्ट
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

२०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

202

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।